सलिजो उपन्यासमा नारीसमलिङ्गता

Kaumodaki : Journal of Multidisciplinary Studies
[A Peer-Reviewed, Open Access Journal; Indexed in NepJoL]
ISSN : 2822 - 1567 (Print); ISSN : 2822 -1583 (Online)
Published by Research Management Cell, Vinduwasini Sanskrit Vidyapeeth (Campus)
Nepal Sanskrit University, Pokhara, Nepal
https://ejournal.vsc.edu.np

एकनारायण पौड्याल
Department of Nepali, Birendra Multiple Campus, Tribhuvan University, Chitwan, Nepal

Article History : *Submitted 10 Nov. 2022; Reviewed 08 Dec. 2022; Accepted 29 Dec. 2022*
Corresponding Author : *Ek Narayan Paudyal,* ***Email :*** *enpaudel@gmail.com*
DOI : *https://doi.org/10.3126/kdk.v3i1.52114*

लेखसार

मोहनराज शर्माद्वारा लिखित सलिजो नारीसमलिङ्गीका समस्यामा आधारित उपन्यास हो । नारीसमलिङ्गी भन्नाले शारीरिक वा मानसिक रूपले महिलासँग नै आकर्षित हुने महिला भन्ने बुझिन्छ । समलिङ्गी महिलालाई साहित्यका सन्दर्भमा नारीसमलिङ्गी भनिन्छ । यस लेखमा उपन्यासमा चित्रित समलिङ्गी महिलाका समस्याका बारेमा अध्ययन गरिएको छ । समाजमा कतिपय व्यक्ति जन्मदाको पहिचान अर्थात् जैविक अवस्थिति एउटा हुँदाहुँदै पनि उसको मनोरचनामा भिन्नता देखिई स्त्री वा पुरुष समलिङ्गी हुने स्थितिमा नारीले समलिङ्गता स्वीकार गर्दा उनीहरूले भोग्नुपर्ने सामाजिक समस्या के हो भन्ने देखाउनु यस लेखको मूल प्राज्ञिक समस्या रहेको छ र यस समस्याको समाधान खोज्नु नै अध्ययनको उद्देश्य रहेको छ । प्रस्तुत उद्देश्य प्राप्तिका लागि प्राथमिक तथा द्वितीयक सामग्री प्रयोग गरी नारीसमलिङ्गी समालोचनाका मान्यतालाई आधार बनाएर विश्लेषणात्मक विधिका आधारमा अध्ययन गरिएको छ । अध्ययनका क्रममा हाम्रो समाजमा समलिङ्गता भएका महिलालाई हेर्ने दृष्टिकोण र उनीहरूप्रति गर्ने व्यवहार असमान मात्र नभई अमानवीय समेत रहेको निष्कर्ष निकालिएको छ । अन्त्यमा प्रस्तुत उपन्यास नारीसमलिङ्गी चेतनाका दृष्टिले सफल रहेको बताइएको छ ।

शब्दकुञ्जी: अन्तरलिङ्गी, तेस्रोलिङ्गी, द्विलिङ्गी, नारीसमलिङ्गता, पुरुषसमलिङ्गी

विषयपरिचय

सलिजो मोहनराज शर्मा (१९९४-२०७५) द्वारा लेखिएको समलिङ्गी महिलाका समास्यामा आधारित उपन्यास हो । मोहनराज शर्मा नेपाली भाषा र साहित्यका क्षेत्रमा बहुमुखी प्रतिभाका रूपमा सुपरिचित छन् । २०१६ सालमा *एकको एक हात लाग्यो शून्य* शीर्षकको हास्यव्यङ्ग्य रचना प्रकाशन गरी नेपाली साहित्यक्षेत्र (हिन्दीमा यसअघि नै लेखिसकेका) मा प्रवेश गरेका शर्माले कविताबाहेक अन्य सबै विधामा कलम चलाएका छन् । सिर्जना र समालोचनाका अतिरिक्त उनको कलम भाषा-व्याकरणका क्षेत्रमा पनि चलेको छ । शर्माका *कोर्रा* (२०४०), *महाशून्य* (२०५०), *वैखरी* (२०५४) आदि कथासङ्ग्रह, *सलिजो* (२०६६) उपन्यास, *यातनामा छटपटाएकाहरू* (२)३९), *बैकुण्ठएक्सप्रेस* (२०४२), *उताको बाघ* (२०६२) आदि नाटक, *च्याँखेधर्ना* (२)२४) हास्यव्यङ्ग्य कथासङ्ग्रह, *मि.झप्पु सिंह*

Copyright 2023 © the Author(s) and the Publisher

डबल एम.ए. (२०३८) हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, नेपालीका केही आधुनिक साहित्यकार (२०२६), नेपाली साहित्यको संक्षिप्त इतिहास (सह.२०३४), समकालीन समालोचना सिद्धान्त र प्रयोग (२०५५) आदि समालोचना, शब्दरचना र वर्णविन्यास (२०३१), शैलीविज्ञान (२०४८), भाषाविज्ञान र नेपाली भाषा (सह.२०५०) आदि भाषा-व्याकरणसँग सम्बन्धित पुस्तक प्रकाशित छन् । यसका साथै उनको लेखन भिडियो फिल्म, टेलिशृङ्खलाको कथा-पटकथा, अनुवाद र सम्पादनका क्षेत्रसम्म पनि फैलिएको देखिन्छ ।

शर्माका कथा, नाटक र समालोचनासँग सम्बन्धित पुस्तकको सङ्ख्या दुई दर्जनभन्दा बढी भए पनि उपन्यासभने *सलिजो* शीर्षकको एउटा मात्र कृति प्रकाशित छ । यस उपन्यासको मुख्य विषयवस्तुलाई आधार बनाएर अध्ययन भएको छैन । यसलाई मनोविज्ञान, सामाजिक यथार्थवाद आदि दृष्टिले समीक्षा गर्न सकिन्छ तापनि नारीसमलिङ्गताका दृष्टिले समीक्षा गर्नु उपयुक्त हुने भएकाले यहाँ सोही आधारमा समीक्षा गरिएको छ । *सलिजो* शीर्षक 'समलिङ्गी जोडी'को सङ्क्षिप्त रूप हो । यसरी पुस्तकको शीर्षकले समलिङ्गी जोडी भन्ने जनाउने र विषय पनि समलिङ्गीसँग सम्बन्धित भएकाले समलिङ्गीय चेतनाका आधारमा समीक्षा गर्नु उपयुक्त देखिएको छ । समलिङ्गी पनि पुरुषसमलिङ्गी र नारीसमलिङ्गी गरी दुई किसिमका हुने भएकाले र प्रस्तुत उपन्यास नारीसमलिङ्गी विषयसँग सम्बन्धित भएका कारण यसको समालोचना नारीसमलिङ्गताका आधारमा गरिएको छ ।

नारीसमलिङ्गी समालोचनाको सैद्धान्तिक स्वरूप

साहित्यिक कृतिमा नारी र नारीका बिचको जैविक र आत्मिक सम्बन्धका बारेमा अध्ययन गर्ने समालोचनाको पद्धतिलाई नारीसमलिङ्गी समालोचना भनिन्छ । समलिङ्गी अध्ययन भएकाले यसको सम्बन्ध पुरुषसमलिङ्गी अध्ययनसँग पनि रहेको छ । कतिपय कुरामा यी दुवै समान लक्ष्यका देखिन्छन् । पुरुषसमलिङ्गी र नारीसमलिङ्गी दुवै किसिमका अध्ययनले समान अधिकार, नाम, लैङ्गिक स्वअस्तित्वको दाबी, साहित्य, इतिहास र संस्कृतिमा समलिङ्गी व्यक्ति र विषयलाई आत्मसात गर्ने कुरामा जोड दिन्छन् (आर्थर, सन् २०१६, पृ.७२१) । नारीको अस्तित्व र अधिकारसँग सम्बन्धित भएकाले यसको सम्बन्ध नारीवादी समालोचनासँग पनि रहेको छ । नारीवादले विशुद्ध नारीलैङ्गिताभित्र मात्र सीमित नभई तेस्रोलिङ्गी र समलिङ्गी विषयहरू पनि समावेश गर्दछ । नारीवादभित्र नै तेस्रोलिङ्गी विषयका सैद्धान्तिक र राजनीतिक अवधारणाहरू समावेश भएका हुन्छन् । मुख्य रूपमा पश्चिमी तेस्रोलिङ्गी अभ्यास नारीवादको दोस्रो धारबाट सुरु भएको हो (हाइन्स, सन् २०१०, पृ.८८) । नारीसमलिङ्गी समालोचनाले पनि नारीवादीहरूले जस्तै व्यक्तिगत पहिचान र राजनीतिक मुद्दाहरूको उठान गर्ने भएकाले यी दुवै एउटै माटोबाट हुर्किएका विचार मानिन्छन् तर नारीवादी जो विषमलिङ्गी हुन्छन् उनीहरूले समलिङ्गी नारीवादीलाई किनाराका व्यक्तिका रूपमा हेरेकाले वा पन्छाउने व्यवहार गरेकाले सन् १९८० ताका त्यस व्यवहारलाई अस्वीकार गर्दै यो एक छुट्टै शाखाका रूपमा स्थापना भएको हो (टाइसन, सन् २००६, पृ.३२२-३२३) । खासगरी तेस्रोलिङ्गी र फरकलिङ्गी विषयका समाचारहरू पत्रपत्रिकाहरूमा सन् १९९३ बाट मुख्य अंशका रूपमा लेखिन थाले पनि यो विषय सन् २००० भन्दा अघि धेरै चर्चामा रहेको थिएन (वेस्टब्रुक, सन् २०१०, पृ.५४) ।

क्वेयर सिद्धान्त र तेस्रोलिङ्गीय सिद्धान्त पनि नारीवादकै अङ्गका रूपमा सुरुमा विकसित भए पनि सन् १९९० को दशकमा क्वेर विद्वान्हरूले नारीवादी चिन्तनभित्रको लैङ्गिक प्राकृतिकताका विषयमा आलोचना गरेका हुन् (हाइन्स, सन् २०१०, पृ.८९) र त्यसपछि यी सिद्धान्तहरूलाई नारीवादभन्दा फरक किसिमले बुझ्न थालिएको हो । तेस्रलिङ्गी र समलिङ्गी सिद्धान्तले जोड दिएको विषय के भने उनीहरूमा पनि विपरीतलिङ्गी मानिसहरूमा जस्तै दैनिक जीवनका दैनिकी र अनुभवहरू रहेका हुन्छन् (वेस्टब्रुक, सन् २०१०, पृ. ५५) । विगतका दशकहरूमा

समलिङ्गी र तेस्रोलिङ्गी विषयहरू किनाराबाट माथि उठेर हरेकखाले अध्ययनका केन्द्रमा आएका छन् (हाइन्स, सन् २०१०, पृ.११) किनकि लैङ्गिक विविधता र यसको अस्तित्वको विषयमाथि समाजशास्त्रीय व्याख्या र विश्लेषण यस पछिल्लो अवधिका वैचारिक विकासका विषय बनेका छन् (हाइन्स, सन् २०१०, पृ.१२) । नारीसमलिङ्गतावादी लेखनको विस्तार फ्रान्सबाट अमेरिका, बेलायत हुँदै युरोपतिर फैलिएको हो । यस धारामा आधारित लेखिकाहरूमा सोवाल्टर, हेलेन सिक्सु, जुलिया क्रिस्तेभा, लुसी आइरिग्यारी, विली क्याथर, एड्रियानी रिख, डोरोथी एलिसन, आन्द्रे लोर्ड आदि पर्दछन् (भट्टराई, २०६६, ३-१०) । यिनमध्ये कतिपयको सम्बन्ध नारीवादसँग पनि रहेको छ ।

नारीसमलिङ्गताको सम्बन्ध विपरीतलिङ्गी (Heterosexual) बाहेकका नारीवादी र अन्य लैङ्गिकतावादीसँग पनि रहेको छ । यसको सम्बन्ध यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदाय र तिनको अध्ययन गर्ने पद्धति वा मान्यतासँग जोडिएको हुँदा यस अध्ययनलाई विस्तृत अर्थमा लैङ्गिक अध्ययन भन्न सकिन्छ तर लैङ्गिक अध्ययन मात्र भन्दा यसभित्र यौनिक र लैङ्गिक दृष्टिले विपरीतलिङ्गीभित्र पर्ने पुरुष र महिलाको अध्ययन भन्ने सामान्य अर्थ पनि समेटिने हुँदा यसलाई यौनिकता र लैङ्गिकता दुवै दृष्टिले अल्पसङ्ख्यक समुदायको अध्ययनभित्र राखेर हेरिनु उपयुक्त हुन्छ । यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकभित्र धेरै प्रकार पर्ने भए पनि मुख्य समूहअन्तर्गत निम्नलिखित रहेका छन् :

क) समलिङ्गी (Homosexual)

एउटै वा उही जैविक लिङ्गीसँग यौनिक क्रियाकलाप गर्न रुचाउने व्यक्तिलाई समलिङ्गी भनिन्छ । यसलाई अर्का किसिमले भन्दा "शारीरिक चाहना र भावनात्मक रूपमा आफ्नै जस्तो लिङ्ग भएका व्यक्तिसँग आकर्षित हुने व्यक्तिलाई समलिङ्गी (होमोसेक्सुअल) भनिन्छ" (लामा, २०७९, पृ.९) । यसभित्र समलिङ्गी महिला (Lesbian) वा महिला समलिङ्गी र समलिङ्गी पुरुष (Gay) वा पुरुष समलिङ्गी पर्दछन् । शारीरिक, मानसिक एवम् भावनात्मक रूपले महिलासँग आकर्षित हुने महिलालाई समलिङ्गी महिला र सोही किसिमले पुरुषसँग आकर्षित हुने पुरुषलाई समलिङ्गी पुरुष भनिन्छ । समलिङ्गी महिलाका विशेषता फरक फरक किसिमका हुन्छन् । यस सम्बन्धमा समलिङ्गी विचारकहरूका भनाइलाई आधार बनाई कोही महिला पुरुष स्वभावका हुने र त्यस्ता महिलालाई 'बुच डाइक' भनिने अनि कोही फेरि महिला स्वभावकै हुने र तिनलाई 'फेमे' भनिने कुरा उल्लेख गरिएको पाइन्छ साथै समलिङ्गीबिच हुने शारीरिक क्रियाकलापमा पनि एक जनाले पुरुष र अर्काले महिलाको भूमिका निर्वाह गर्ने बताइएको पाइन्छ (लामा, २०७८, पृ.५०) ।

ख) द्विलिङ्गी (Bisexual)

शारीरिक, मानसिक एवम् भावनात्मक रूपले पुरुष र महिला दुवैतर्फ समान किसिमले आकर्षित हुने पुरुष वा महिलालाई द्विलिङ्गी भनिन्छ । समलिङ्गीलाई वर्गीकरण गरेजस्तै यसलाई पनि द्विलिङ्गी पुरुष र द्विलिङ्गी महिला भनी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ । महिला र पुरुष दुवैतर्फ समान किसिमले आकर्षित हुने पुरुषलाई द्विलिङ्गी पुरुष वा पुरुष द्विलिङ्गी र पुरुष र महिला दुवैतर्फ बराबरी रूपमा आकर्षित हुने महिलालाई द्विलिङ्गी महिला वा महिला द्विलिङ्गी भनिन्छ ।

ग) तेस्रोलिङ्गी (Transgender)

जन्मदा बालक (Boy) वा बालिका (Girl) कै रूपमा जन्मे पनि हुर्कंदै जाँदा लैङ्गिक पहिचान (Gender Identity), लैङ्गिक प्रस्तुति (Gender Expression), व्यक्तित्व आदि कुरा समाजमा परम्परागत रूपमा

महिला र पुरुषबाट अपेक्षा गरिएभन्दा फरक हुने व्यक्तिलाई तेस्रोलिङ्गी भनिन्छ (राष्ट्रिय मानव अधिकार आयोग नेपाल, २०७७, पृ.७) । नील हिरा समाजका अनुसार तेस्रोलिङ्गी भन्नाले जन्मदाको शारीरिक अङ्गविपरीतको यौनिक परिचय र भाव भएका व्यक्ति भन्ने बुझिन्छ र तिनीहरूमध्ये जन्मदा पुरुष अङ्गसहित जन्मिए पनि यौनिक परिचय र व्यवहारका हिसाबले महिलागुण भएका व्यक्ति तेस्रोलिङ्गी महिला वा महिला तेस्रोलिङ्गी हुन् भने जन्मदा महिलाअङ्गसहित जन्मिए पनि यौनिक परिचय र व्यवहारका हिसाबले पुरुषगुण भएका व्यक्ति तेस्रोलिङ्गी पुरुष वा पुरुष तेस्रोलिङ्गी हुन् ।

घ) अन्तरलिङ्गी (Intersex)

जन्मदादेखि नै जैविक लिङ्ग नछुट्टिएका वा महिला र पुरुष दुवैका यौनाङ्गका आकृति भएका अथवा नभएका र हुर्कंदै जाँदा कोही महिला र कोही पुरुषजस्ता देखिने व्यक्तिलाई अन्तरलिङ्गी भनिन्छ ।

माथि चर्चा गरिएका लैङ्गिकताका प्रकारलाई छोटकरीमा LGBTI भनिन्छ । उल्लिखित प्रकारभित्र नपर्ने वा आफूलाई त्यसभित्र राख्न नचाहने अनौठो स्वभाव वा फरक परिचय भएका व्यक्तिलाई सन्दिग्ध (Queer) व्यक्ति भनिन्छ । यस प्रकारलाई समेत जोडेर LGBTIQ भनिन्छ भने यी माथिका प्रकारमा पनि नसमेटिएका र यौनिक विकर्षण (Asexuality) आदि विशेषताले युक्त भएका व्यक्तिलाई समेत जोडेर यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकभित्र पर्ने समूहलाई 'LGBTIQA+' भन्ने गरिन्छ (राष्ट्रिय मानव अधिकार आयोग नेपाल, २०७७, पृ.२) । यी सबै प्रकार पहिचानको मुद्दासँग जोडिएका विषय हुन् ।

उल्लिखित मान्यतामध्ये विषमलिङ्गीबाहेकका सबैखाले लिङ्गीय मान्यताले समाजमा आफूहरूलाई मान्यता नदिई केवल नारी र पुरुषलाई मात्र मान्यता दिइएका कारण आधिकारिक वा परम्परित सङ्कथन (डिस्कोर्स) प्रति असहमति जनाउँदै नयाँ सङ्कथन निर्माण गर्नुपर्ने मान्यता राख्दछन् (गौतम, २०६७, पृ.२८६) । नारीसमलिङ्गी समालोचनाका कतिपय मान्यता नारीवादी, पुरुषसमलिङ्गी आदि सबैखाले तेस्रो लिङ्गीसँग मिल्दछन् तापनि यसका आफ्नै खास खास किसिमका मान्यता छन् ।

समलिङ्गी नारीवाद अर्थात् नारीसमलिङ्गी समालोचनाको निकट सम्बन्ध नारीवादसँग भए पनि यसले नारीवादभन्दा अगाडि बढेर उसले नउठाएका सवाल पनि उठाउँछ । नारीवादले लैङ्गिक विभेदका बारेमा मात्र बोल्दछ भने यसले लैङ्गिक विभेद र विषमलैङ्गिकता दुवैका विषयमा बोल्दछ अर्थात् पितृसत्ता र विषमलैङ्गिकताका आधारमा निर्मित मनोवैज्ञानिक, सामाजिक, आर्थिक र राजनीतिक दमनका विपक्षमा पनि बोल्दछ (टाइसन, सन् २००६, पृ.२२३) । यसले समलिङ्गीहरूलाई निषिद्ध गर्ने धार्मिक र कानुनी मान्यताको पनि विरोध गर्दछ । नारीसमलिङ्गीले मात्र होइन, समलिङ्गीको अर्को प्रकार पुरुषसमलिङ्गीले पनि विवाहले यौनसम्बन्धलाई वैधता दिन्छ भन्ने परम्परित मान्यता अस्वीकार्य परम्परा भएको ठान्दछ भन्ने कुरा जुडिथ बुटलर द्वारा उल्लेख गरिएको छ (उद्धृत नायर, सन् २००८, पृ.१७०) ।

नारीसमलिङ्गीहरूको यौनचाहना नारीप्रति नै केन्द्रित हुन्छ तर कतिपय समलिङ्गी महिलाहरू सामाजिक पद्धतिका कारणले आर्थिक रूपमा जीवनयापनका लागि बाध्यतावश विषमलिङ्गीसँग वैवाहिक सम्बन्ध स्थापित गर्दछन् । त्यस्ता कुनै कुनै महिलाले श्रीमान्लाई माया र सम्मान गरे पनि उनीहरू पुरुषभन्दा महिलासँग बढी आकर्षित हुन्छन् भन्ने कुराको दृष्टान्त भर्जिनिया उल्फ हुन् किनभने उनी विवाहित भएर पनि भिटा सेकविल वेस्ट (Vita Sackville West) भन्ने नारीसँग आकर्षित थिइन् (टाइसन, सन् २००६, पृ. ३२४) । यस्तै कतिपय पुरुष पनि त्यस्ता हुन्छन् जसले महिलासँग विवाह गरे पनि र श्रीमतीसँग राम्रो सम्बन्ध हुँदाहुँदै पनि पुरुषसँग

आकर्षित हुन्छन् । यस्तो स्वभाव भएका कतिपय पुरुषहरू पुरुषको जनेन्द्रियसँग खेल्न मनपराउँछन् । समलिङ्गीहरूले समलैङ्गिक भाव पत्रद्वारा पनि प्रकट गर्न सक्ने भएकाले उनीहरूमा शारीरिक यौनिक क्रियाकलाप अनिवार्य हुँदैन (टाइसन, सन् २००६, पृ. २४) ।

नारीसमलिङ्गी समालोचनाले कृतिभित्र नारीका यिनै मानसिकता र विवशता अनि उनीहरूले समाज वा पितृसत्ताप्रति गरेका विद्रोहका स्वरूपको अध्ययन गर्दछ । यसले नारीसमलिङ्गी लेखक र लेखनको पनि अध्ययन गर्दछ । यसले कृतिभित्र विषमलिङ्गीहरूको व्यवहारको अध्ययन गर्ने क्रममा समलिङ्गीका प्रति उनीहरूको धारणा र व्यवहार नकारात्मक मात्र छ कि कसै कसैमा सकारात्मक र सहयोगी भावना पनि छ भन्ने कुराको अध्ययन गर्दछ । यसले समलिङ्गी पात्रका बिचको सम्बन्ध खालि शारीरिक मात्र छ कि आत्मिक वा भावनात्मक पनि छ भन्ने कुराको खोज गर्दछ । निष्कर्षमा भन्दा यस समालोचनाले नारीसमलिङ्गीसँग सम्बन्धित सामाजिक, मनोवैज्ञानिक, आर्थिक, धार्मिक, भाषिक, कानुनी आदि समस्याको निरूपण गर्दछ र सोही आधारमा कृति समलिङ्गीयताका दृष्टिले कति सबल छ भनी मूल्यनिर्णय प्रस्तुत गर्दछ । प्रस्तुत उपन्यासमा नारीसमलिङ्गीसम्बन्धी के कस्ता विशेषता छन् भन्ने कुराको अध्ययनका लागि उपन्यासको विषयवस्तु हेरेर निम्नलिखित आधार तयार पारिएको छ :

क) समलिङ्गीद्वारा विषमलिङ्गी संस्कृतिप्रति असहमति

ख) समलिङ्गीद्वारा समलिङ्गीप्रति सद्भाव एवम् सहयोग

ग) विषमलिङ्गीद्वारा समलिङ्गीप्रति सुझाव र सहयोग

घ) समलिङ्गीप्रति परिवार र समाजको व्यवहार

ङ) नारीसमलिङ्गीद्वारा समलिङ्गीतयताका पक्षमा वकालत

च) समलिङ्गीबीचको जैविक प्रेम

छ) समलिङ्गीबीचको आत्मिक सम्बन्ध ।

उपन्यासको विषयानुरूप अन्य कुरा पनि हेर्न सकिन्छ तर *सलिजो*लाई यिनै आधारमा हेर्न उपयुक्त देखिएको छ ।

उपन्यासको वस्तुसन्दर्भ

सलिजो उपन्यासका मुख्य पात्र रूपा र ज्वाला हुन् । रूपाको गोप्य नाम लेज्बी हो भने ज्वालाको नाम लेज्बा हो । उपन्यासको थालनीमा नै मुख्य पात्र रूपा र ज्वालाका बीच विवाह सम्पन्न भएको देखाइएको छ । यिनमध्ये रूपा बेहुली हुन्छे भने ज्वाला बेहुलोका रूपमा हुन्छे । विवाहपश्चात् उनीहरू एउटै स्कुटीमा बसी एक वर्षदेखि बस्दै आएको 'फुलबारी घरबास'को दोस्रो तलाको पहिलो अपार्टमेन्टमा पुग्दछन् ।

घरमा पुगेर बैठककोठामा बसिरहेका बेला उनीहरूले अतीत सम्झन्छन् । केही क्षणको रसिक कुराकानीपछि उनीहरू बैठककोठाबाट सयनकक्षमा प्रवेश गरी आलिङ्गनबद्ध हुन्छन् । रूपाले ज्वालाको जुँगा बनाइदिने क्रममा पुरुष र पुरुषत्व अनि स्त्री र स्त्रीत्वबारे धेरै छलफल हुन्छ । त्यसपछि उनीहरू विवाह दर्ता गर्न निस्कन्छन् । उनीहरू कार्यालयमा पुग्दा अदालतले तेस्रो लिङ्गीका पक्षमा फैसला गरे पनि सरकारको निर्णय नआएको भन्दै कर्मचारीले विवाह दर्ता गर्न मान्दैन ।

विवाहका बेला लिएको सात दिनको बिदापछि दुवै जना आआफ्नो कार्यालय जान थाल्छन् । ज्वालाको कार्यालय (बैङ्क) मा स्कुटीमिस्त्री रेसमसहितका डाँकाहरूले पैसा लुट्नाका साथै ज्वालालाई पनि अपहरण गरेर लैजान्छन् । यता, स्कुलमा बिदा हुन लागेका बेला हेडमास्टरले रूपालाई बोलाएर फोटोग्राफरले दिएको विवाहको फोटो दिँदै आफू समलिङ्गीको समर्थक भएको बताउनाका साथै छोरी स्मृतिलाई दिन राखेको उपहार (भाइब्रेटर)

रूपालाई दिन्छन् । रूपा, त्यसलाई लिएर उपयोग गर्ने कि नगर्ने भन्नेबारे दोधारमा पर्दछे । अन्ततः उसले त्यो उपहार पेट्रोलियम पदार्थको मूल्यवृद्धिका विरुद्धमा टायर बालिएका ठाउँमा फाल्दछे र ढुक्क हुन्छे ।

त्यसपछिका दिनमा धेरै घटना घट्दछन् । यसैबिच दुवैले विगत सम्झन्छन् । कुराका प्रसङ्गमा ज्वालाले आफू बैङ्क लुटेराबाट बलात्कृत भएको र दोजियासमेत भएको बताउँछे । उता रूपालाई पनि वीर भनिने रविका कारण सञ्चालक समितिले जागिरबाट हटाउन खोज्दछ । बैठकमा रूपाले बलियो तर्क राखेपछि निलम्बन मात्र गर्दछ । रूपालाई प्राचार्य डा.चकोरको भने सधैँ सहयोग रहेको हुन्छ । ज्वालालाई पनि बैङ्कबाट बर्खास्त गर्ने षड्यन्त्र गरिन्छ तर हाकिमका सहयोगले उसको जागिर बँच्दछ । पछि सञ्चालक समितिले रूपालाई जागिरमुक्त गर्ने निर्णय गरेका कारण प्राचार्यले राजीनामा दिन्छन् । यता, अस्पतालबाट ज्वालाको गर्भपतन गराई उनीहरू घरमा आएका हुन्छन् । एक दिन रवि रूपाका बाआमाको चिठी लिएर उसलाई घर लैजानका लागि आएको हुन्छ तर रूपा घर जान अस्वीकार गर्दछे । रविले जबरजस्ती तानेर लैजान लागेका बेला ज्वालाले रविको नारीमा खुकुरी हान्छे । यसपछि दृश्य बन्द भएकाले त्यसपछि के भयो भन्ने थाहा हुँदैन । त्यस घटनापछिको परिवेशबारे अर्थका अनेक सम्भावना खुला छोड्दै उपन्यास समाप्त हुन्छ ।

नारीसमलिङ्गताका आधारमा *सलिजो*को समीक्षा

सलिजो नारीसमलिङ्गतावादी उपन्यास भएका कारण यसको नारीसमलिङ्गी सिद्धान्तका आधारमा विवेचना गरिएको छ । यस क्रममा विषमलिङ्गी संस्कृतिप्रति असहमति, समलिङ्गीद्वारा समलिङ्गीप्रति सद्भाव एवम् सहयोग आदि मानदण्ड तयार गरी नारीसमलिङ्गी चेतनालाई आधार बनाएर उपन्यासको समीक्षा गरिएको छ । समीक्षा गर्नुपूर्व उपन्यास नारीसमलिङ्गतावादी हो भन्ने कुराको स्पष्टताका लागि यहाँ केही अंश उद्धरण गर्नु सान्दर्भिक देखिएको छ ।

एउटी तरुनी केटी !
ऊ बेहुली हो !
अर्की तरुनी केटी !
ऊ बेहुला हो !
ज्वाला सधैँ केटाको रूप र पहिरनमा रहने केटी हो ।
रूपा सधैँ केटीको रूप र पहिरनमा रहने केटी हो । (पृ.४३-४४)

उपन्यासका सुरुमा नै आख्याताद्वारा व्यक्त गरिएको उक्त भनाइबाट उपन्यास नारीसमलिङ्गी भएको पुष्टि मिल्दछ ।

समलिङ्गीद्वारा विषमलिङ्गी संस्कृतिप्रति असहमति

उपन्यासमा परम्परित विषमलिङ्गी संस्कृतिप्रति असहमति जनाइएको छ । यो संस्कृति पुरुषसत्ताद्वारा निर्मित भएकाले त्यसले समलिङ्गीप्रति न्याय गर्न नसकेको जनाइएको छ । उपन्यासका सुरुमा नै परम्परित विवाहप्रति असहमति जनाइएको छ । परम्परित विवाहसंस्कारमा चुरा, पोते, सिन्दुर आदि लगाउनुलाई सौभाग्यको प्रतीकका रूपमा लिइन्छ । उपन्यासमा भने नारी र नारीको विवाह शास्त्रमा नलेखिएको किसिमको भएकाले परम्परित विवाहका सौभाग्यका सूचक चुरा, पोते, सिन्दुर, तिलहरी, टीका आदि लगाउने परम्परा पनि अवलम्बन गर्न आवश्यक नभएको जनाइएको छ । विवाहपछि लगाउन भनिएको पोते मन्दिरका पुजारीसँगै छुटेकाले लिन जान लागेकी रूपालाई ज्वालाले रोक्ने क्रममा रूपा र ज्वालाका बीच भएको संवादको एक अंश दृष्टान्तका लागि जस्तैः पर्ख लेज्वी, पोतेका लागि माथि जानु बेकार छ ।

किन ?

किनभने हाम्रो बिहे परम्परित होइन ।

के मतलब ?

लेज्बी, हाम्रो बिहे शास्त्रमा नलेखिएको नौलो बिहे हो र समाजमा पनि त्यति नचलेको बेग्ल बिहे हो ।

त्यो त हो, तर ... !

तरसर केही होइन, हामीले परम्परित बिहेका सौभाग्यसूचक चुरा, पोते, सिन्दुर, तिलहरी, टीका र अरू जेजे छन् सबैलाई पन्छाउँदै जानुपर्दछ । (पृ.४७)

यसरी रूपा अर्थात् लेज्बी छुटेको पोते लिन जान खोज्दा उसलाई ज्वाला अर्थात् लेज्बाले रोकेकी छ । ज्वालाका दृष्टिमा आफूहरूको विवाह शास्त्रमा नलेखिएको नौलो भएकाले शास्त्र वा परम्पराले मानेको चलन पनि मान्न आवश्यक छैन । यस कुरामा रूपाको पनि सहमति रहेको छ । यस तथ्यबाट रूपा र ज्वालाले विसमलिङ्गी संस्कृतिप्रति असहमति जनाउँदै नारीसमलिङ्गीलाई पनि समाजमा सम्मानका दृष्टिले हेर्नुपर्ने धारणा राखेको देखिन्छ ।

यस्तै, अर्का एक ठाउँमा रूपालाई उसको विद्यालयका सञ्चालक समितिका अध्यक्षले "मिस्, समलिङ्गी सम्बन्ध अनियमित र अनुचित भएको हुँदा तपाईंलाई विद्यालयबाट निष्काशन गर्ने माग आएको छ, तपाईं के भन्नुहुन्छ" (पृ.२१९) ? भनी सोधिएको प्रश्नको उत्तर रूपाद्वारा यसरी दिइएको छ :

सर, सानो मुख र ठूलो कुरा होला, तर म आफ्नो बचाउका लागि भन्न बाध्य छु । समलिङ्गी सम्बन्धलाई अनियमित र अनुचित ठहऱ्याउने नियमकानुन, देश र समाजका बहुसङ्ख्यक विषमलिङ्गी वर्गले विषमलिङ्गी वर्गकै हितमा बनाएको हो । कुनै पनि नियमकानुन समलिङ्गीले बनाएको होइन र समलिङ्गीका लागि बनाइएको पनि होइन । खासमा विषमलिङ्गीहरूको पितृसत्तात्मक चस्माबाट हेरेर समलिङ्गी सम्बन्धलाई अनियमित र अनुचित भनिएको हो, तर यसका विपरीत यथार्थमा चाहिँ समलैङ्गिकता क्षणिक जैविकभन्दा बढी चिरस्थायी आत्मिक सम्बन्ध हो । (पृ.२१९-२२०)

रूपाको यस भनाइबाट उपन्यासमा समलिङ्गीद्वारा विषमलिङ्गी संस्कृतिप्रति असहमति जनाइएको प्रस्ट हुन्छ । अन्यत्र पनि यस्ता भनाइ आएका छन् ।

समलिङ्गीद्वारा समलिङ्गीप्रति सद्भाव एवं सहयोग

उपन्यासमा नारीसमलिङ्गी मात्र होइन, पुरुषसमलिङ्गी पात्रको पनि उपस्थिति रहेको छ र तिनीहरूका बिच एकआपसमा सद्भाव एवं सहयोगको भावना रहेको पाइन्छ । रूपा र ज्वाला नारीसमलिङ्गी हुन् भने गे १ र गे २ पुरुषसमलिङ्गी हुन् । ज्वाला र रूपाजस्तै गे १ र गे २ को स्वभाव र हाउभाउ पनि फरक फरक किसिमको रहेको छ । ती गेजोडीले ज्वाला र रूपालाई कुनै समस्या परेमा थ्री जी अर्थात् थर्डजेन्डर क्लबमा आउन अनुरोध गर्दै स्कुटीमा पेट्रोल सिद्धिएर बसेका उनीहरूलाई आफ्नो मोटरसाइकलबाट पेट्रोल झिकेर दिई सहयोग पनि गर्दछन् । एकआपसमा परिचित नभए पनि समलिङ्गी भएका कारण उनीहरूले यसरी सहयोगी र आत्मीय भाव देखाएका हुन् । उनीहरूले पछि रूपालाई थ्री जी पार्लरबाट उपचारपश्चात् घर पुऱ्याउने काममा पनि सहयोग गरेका छन् ।

पुरुषद्वारा 'डाइमन दा' र महिलाद्वारा 'डाइमन दी'का रूपमा सम्बोधन गरिने ट्याक्सीचालक तेस्रो लिङ्गी (उपन्यासमा हिजडा भनिएको) पात्र हो । ऊ पनि रूपा र ज्वालाको अनन्य मित्रका रूपमा देखिएको छ । हरेक दुःखमा उसले सहयोग गरेको छ । सुनसरीमा बस्ने उसको दाइ पनि तेस्रोलिङ्गी हो । ऊ नटुवा मात्र नभई तेस्रो

लिङ्गीहरूको सहयोगी र अगुवा पनि हो (पृ.२१०)। प्राचार्य डा.चन्द्रचूड चालिसे चकोरकी छोरी स्मृति नारीसमलिङ्गी हो र ऊ पनि रूपा र ज्वालाकी सहयोगीका रूपमा आएकी छ। उसले रूपाको जागिर बचाउन आफ्नातर्फबाट कोसिस गरेकी छ। यसरी पुरुषसमलिङ्गी तथा नारीसमलिङ्गी र तेस्रो लिङ्गी पात्रहरू एकआपसमा सहयोगी र सद्भाव राख्ने खालका देखिएका छन्।

विषमलिङ्गीद्वारा समलिङ्गीप्रति सुभ्काव र सहयोग

उपन्यासमा समलिङ्गीको मात्र नभई कतिपय विषमलिङ्गी पात्रको पनि समलिङ्गीप्रति सद्भाव र सहयोग रहेको छ। प्राचार्य डा.चन्द्रचूड चालिसे विषमलिङ्गी भए पनि समलिङ्गी शिक्षिका रूपाको शुभचिन्तक र सहयोगीका रूपमा देखिएका छन्। समलिङ्गी भएका कारण रूपालाई सञ्चालक समितिले बर्खास्त गरेको हुँदा यसको विरोधस्वरूप उनले आफ्नो राजीनामा दिएका छन्। उनले राजीनामा दिनाको कारणबारे यसो भनेका छन् :

> किनभने बर्खास्तका विरोधमा मैले राजिनामा दिँदा अनुदार समाजका विपक्षमा र समलिङ्गीका समर्थनमा एक जना भए पनि उभिएको देखिन्छ। मिस्, आज एक जना उभिनुको अर्थ भोलि धेरै जना उभिनु हुनसक्छ। तिमी चिन्ता नगर मिस्, मैले अर्कै विद्यालयमा तिम्रो नियुक्तिको व्यस्था गरिसकेको छु। (पृ.२३३)

हुन त प्राचार्यको सेवानिवृत्त हुने दिन पनि नजिक आइरहेको थियो तथापि तत्कालै राजिनामा दिनाको कारणचाहिँ रूपाको बर्खास्ती नै थियो। यस्तै, उपन्यासमा प्रो.शर्मा पनि विषमलिङ्गीका रूपमा देखिएका छन्। विविध सन्दर्भले शर्मा स्वयम् लेखक भएको पुष्टि हुन्छ (पृ.१४८)। उनी समलिङ्गीका पक्षमा रहेका छन्। रूपा र ज्वालासँग कुराकानी गर्ने क्रममा शर्मा समलिङ्गीबारे यसो भन्दछन् :

> नानी हो, म आफू के मान्छु भने समलिङ्गी सम्बन्ध जैविक आवश्यकताबाट प्रेरित नभई भावनात्मक आवश्यकताबाट प्रेरित आत्मिक प्रेमका रूपमा हुन्छ। उदाहरणका लागि भनौँ, तिमीहरूले जैविक आवश्यकताको पूर्ति मात्र गर्न खोजेको भए कुनै केटालाई साथी बनाउने थियौ। त्यसो नभई तिमीहरूको सम्बन्ध एकअर्काको मन मिलेर भएको हो। (पृ.१६९)

यसरी उपन्यासमा विषमलिङ्गी पात्रले समेत समलिङ्गीका पक्षमा समर्थन र सहयोग जनाएको देखिन्छ। समाजमा यस्ता व्यक्ति थोरै हुन्छन्। शर्माले तिनै थोरै व्यक्तिको प्रतिनिधित्व गरेका छन्।

समलिङ्गीप्रति परिवार र समाजको व्यवहार

समलिङ्गीप्रति परिवारकै सदस्य र समाजको दृष्टिकोण सकारात्मक रहेको पाइँदैन। त्यसैले उनीहरूप्रति गरिने व्यवहार पनि कठोर रहेको पाइन्छ। परिवारका सदस्यबाट होस् वा समाजका अन्य सदस्यबाट, उनीहरू अपहेलित भएको पाइन्छ। उपन्यासमा यस्तो व्यवहार गरिएका सन्दर्भ धेरै ठाउँमा आएका छन्।

रूपाले अध्यापन गर्ने विद्यालयका प्राचार्य डा.चन्द्रचूड समलिङ्गीका पक्षमा छन् तर उनी समाजसँग प्रतिकार गर्न सक्दैनन्। यस सम्बन्धमा उनको कथन छ : "म व्यक्तिगत रूपमा सधैँ तिम्रा पक्षमा रहन्छु र सक्तो सुरक्षासमेत गर्छु, तर यो कुरो विद्यालयमा फैलियो र नैतिकताको मुद्दा बनेर सञ्चालक समितिमा पुग्यो भने म केही गर्न सक्तिनँ" (पृ.९०)। प्राचार्यले भनेझैँ पछि सञ्चालक समितिले समलिङ्गी भएको जानकारी पाएपछि रूपालाई बर्खास्त गरेको थियो। समाजकै कारण प्राचार्यकी छोरी स्मृतिसँग उन (चन्द्रचूड) को पानी बाराबार भएको छ किन कि उनी समलिङ्गी हुन्। यस्तै, डायमन पात्र तेस्रो लिङ्गी हो र उसले सबैले गिल्ला गरेका कारण क्याम्पस पढ्न छोडेर ट्याक्सी चलाउन बाध्य भएको छ (पृ.७६)। झम्सीखेलमा डेरा गरी बस्ने गेजोडीलाई छिमेकीले मरणासन्न हुनेगरी पिटेका सन्दर्भ (पृ.७७) ले पनि समाजमा विषमलिङ्गीबाहेक कुनै पनि प्रकारका अन्य लिङ्गीलाई सम्मान गर्ने परिपाटी

नरहेको बुझिन्छ ।

उपन्यासमा सबभन्दा क्रूर देखिएका छन्, रूपाका आमा र बा । छोरी समलिङ्गी भएकामा उनीहरूले हदैसम्मको आरोप लगाएका छन् । यहाँ रूपाकी आमा र बाबुको भनाइलाई क्रमशः राखिएको छ :

> यी केटी र केटीले त्यसै बिहे गरेका छैनन्, यिनले रातिराति कोठामा नयाँनयाँ नाठाहरू ल्याई खेलाएर फुक्का हुने सजिलाका निम्ति त्यस्तो नचाहिँदो बिहेको नाटक गरेका हुन् । (पृ.३६)
>
> यहाँ पढ्न आएका सानासाना कलिला नानीहरूलाई यसले के शिक्षा दिन्छे ? यो त आफैँ धर्म, नीति र समाजका विरुद्ध अपवित्र साइनो जोडी स्वास्नीमानिसको जोई बनेर बसेकी छ । यसले एक दिन यहाँका सबै सुधा नानीहरूलाई वेश्या बनाउँछे र स्कुलको नाम डुबाउँछे । (पृ.१३६)

यसरी आमाबा नै रूपाप्रति सबभन्दा निर्दयी देखिएका छन् । यतिमात्र नभई रूपासँग विवाह गर्न भनिएको रविले उसको बेइज्जत गर्नाका साथै धेरै दुःख दिएको छ । उसैका कारण रूपा बर्खास्तीमा परेकी हो । यसप्रकार समाजमा धेरै किसिमका समस्यासँग जुध्न परे पनि आआफ्नो अठोटका कारण रूपा र ज्वालाको समलिङ्गी सम्बन्ध सफल भएको छ ।

नारीसमलिङ्गीद्वारा समलिङ्गताका पक्षमा वकालत

उपन्यासमा नारीसमलिङ्गीद्वारा समलिङ्गीका पक्षमा वकालत गरिएको छ । यसमा पुरुषसत्ताको विरोध गरिएको छ र समलिङ्गी हुनु उनीहरूको स्वतन्त्रा र अधिकारको कुरा भएको जनाइएको छ साथै समलिङ्गीसँगको जस्तो आनन्ददायक सम्बन्ध विषमलिङ्गीसँग नहुने कुरा पनि बताइएको छ ।

बैङ्कबाट अपहरणमा परेसँगै ज्वाला बलात्कारमा पनि पर्दछे । यो घटना रूपालाई सुनाइरहेका बेला रूपाले ज्वालालाई भन्दछे कि “तिमीले पुरुषको स्वाद पायौ, अब मलाई छाड्ने त होइनौ” (पृ.२०२) ! यसको उत्तर दिँदै ज्वाला समलिङ्गीका पक्षमा यसो भन्छे :

> त्यो स्वाद लेज्बी, चरम बर्बरताको स्वाद थियो, कालकूटको जस्तै । अब मेरा मनमा पुरुषप्रतिको यावत् भावना र चाहनाको मृत्यु भएको छ । लेज्बी, पुरुषहरूको पागल उन्माद, अन्धो उत्तेजना र जङ्गली वासनाका विपरीत हाम्रो समलिङ्गी सम्बन्धमा सारै मिठास र आत्मिक तृप्ति छ । (पृ.२०२)

ज्वालाको यस भनाइबाट समलिङ्गीको सम्बन्ध शारीरिकभन्दा पनि आत्मिक हुने र यसबाट बढी तृप्ति प्राप्त हने बुझिन्छ । रूपाको पनि यस्तै दृष्टिकोण रहेको छ । रविसँगको संवादमा उसले “तिम्रो आमाबाबुले मसँग तिम्रो बिहेको कामकुरो छिनिसकेका छन्, तिमी पनि अर्कासँग भागेर बिहे गर्न पाउन्नौ” (पृ.९९) भन्दा रूपा यसो भन्छे :

> मेरो बिहे मेरो इच्छाको कुरो हो, मेरा आमाबुबा वा अरू कसैका इच्छाको कुरा होइन । मलाई जससँग इच्छा हुन्छ, उसैसँग बिहे गर्न म स्वतन्त्र छु । .... हाम्रो सम्बन्धबाट मनसँग मनको सच्चा मिलाप भएको छ र साँचो सुख पाउने बाटो खुलेको छ, यसभन्दा बढी अरू के अर्थ चाहियो र ? सुन, मलाई पुरुषको बर्बर, हिंसक र दमनकारी प्रेममा कुनै रुचि छैन । (पृ.९९-१००)

यसरी रूपाले ज्वालासँगको समलिङ्गी सम्बन्ध आफ्नो इच्छाको कुरा भएको बताउँदै पुरुषबिना पनि नारी पूर्ण हुने र यस सम्बन्धबाट आत्मिक तुष्टि मिल्ने बताएकी छ । यसरी नारीसमलिङ्गीद्वारा समलिङ्गीका पक्षमा दह्रोसँग वकालत गरिएको छ ।

समलिङ्गीबिचको जैविक प्रेम

रूपा र ज्वालाका बिच आत्मिक सम्बन्धका साथै कायिक सम्बन्ध पनि रहेको छ । दुवै नारी भए पनि

उनीहरूका बिच यौनभाव जागृत भएको देखिन्छ । उनीहरू विवाहपछि स्कुटरबाट घरतिर आउँदै गर्दा एकअर्काको स्पर्शबाट रोमाञ्चित भएको कुरा यसरी बताइएको छ : "ज्वाला रूपाका ढाडमा बुइ चढेजत्तिकै गरी पूरै छाति जोडेर बसेकी छ भने रूपा त्यस स्पर्शका कारण आफ्ना आङभरि सिरिङसिरिङका मसिना कमिला दौडिन लागेको अनुभव गर्दै छ" (पृ.५१) । अर्का एक ठाउँमा रूपा र ज्वालाका बिचको चुम्बन-सम्बधनलाई यसरी देखाइएको छ :

ज्वालाले तत्काल रूपाको देब्रे गालाको हाँस्दा खाल्डो पर्ने ठाउँमा म्वाइँ खान्छे ।

जवाफमा रूपाले पनि ज्वालाको देब्रे गालाकै म्वाइँ खान्छे ।

अनि दुबैका ओठहरू एकअर्काका ओठमा जोडिन्छन् । (पृ.६२)

रूपा र ज्वालाको सुहागरातको परिवेश चित्रण गर्ने क्रममा दुवैका बिचको कायिक सम्बन्धलाई यसरी देखाइएको छ :

हुँदाहुँदा रूपाका जीउमा ब्राबाहेक केही रहँदैन ।

ज्वालाका जीउमा पनि ब्राबाहेक केही रहँदैन ।

दुवैले एकै पटक आफ्ना आफ्ना ब्रा फुकाल्छन् । (पृ.६३)

रूपाले सुहागरातका बेला एउटा धोको पूरा गर्ने इच्छा पालेर बसेअनुसार ज्वालाको अनुहारमा जुँगा बनाइदिन्छे। ज्वालाले यसको प्रतिकार नगरे पनि रूपामा पुरुषप्रतिको आकर्षण बाँकी नै रहेको आरोप लगाउँछे । त्यसपछि दुवै जनाले पुरुषत्व र स्त्रीत्वका बारेमा व्यापक रूपमा छलफल गर्दछन् र अन्त्यमा उनीहरू सुत्ने तरखरमा हुन्छन् ।

बैङ्क लुटेराहरूले ज्वालालाई अपहरण गरी बलात्कार गरेर बाटामा फालिदिएकाले उसका शरीरको घाउ पूरा ठीक भइसकेको थिएन । रूपाले उसको घाउमा सधैँ मलम लगाइदिन्थी । यसक्रममा एक दिन उनीहरू कसरी रोमाञ्चित भए र उनीहरूले के के गरे भन्ने सम्बन्धमा यस्तो बताइएको छ :

रोमाञ्चको चरमबिन्दुमा पुग्न थालेपछि आवेगमा आई उसले रूपालाई आफ्ना अँगालामा कस्छे दुवै एकअर्काका राँगिएका स्तनसँग खेल्दैखेल्दै पलङ्मा ढल्छन् ।

केही बेरको व्यस्ततापछि असिनपसिन हुँदै रूपाले भन्छे, "अब छोड लेज्बा, म कफी बनाउन जान्छु" (पृ.१४५-१४६) ।

उक्त भनाइबाट रूपा र ज्वालाको शारीरिक वा जैविक सम्बन्ध पनि प्रगाढ रहेको पुष्टि हुन्छ । यस सम्बन्धलाई कायिक वा भौतिक पनि भन्न सकिन्छ ।

समलिङ्गीबिचको आत्मिक सम्बन्ध

उपन्यासमा समलिङ्गीका बिच जैविक अर्थात् भौतिक सम्बन्ध मात्र नरही आत्मिक सम्बन्ध पनि रहेको पाइन्छ । हुन त विषमलिङ्गी र तेस्रो लिङ्गीले पनि रूपा र ज्वालालाई सहयोग गरेका छन् र आत्मीय भाव पनि देखाएका छन् । नारीसमलिङ्गी स्मृतिले पनि रूपालाई सहयोग गरेकी छ तथापि नारीसमलिङ्गी रूपा र ज्वालाका बिचको सम्बन्ध बढी प्रगाढ देखिन्छ । जागिर फरक फरक भएकाले कार्यालयसमयमा उनीहरू छुट्टिए पनि अरू समयमा रूपा र ज्वाला जतिबेला पनि सँगसँगै हुन्छन् । सधैँजस्तै एक दिन रूपा र ज्वाला एउटै स्कुटरमा कार्यालय जाँदै थिए । ज्वालाले चलाएको स्कुटरबाट रूपालाई झर्न मन थिएन तर उसको कार्यालय (विद्यालय) पहिला नै आउने भएकाले ऊ मन नलागी नलागी ओर्लन्छे र बिदाको हात हल्लाउँदै "राम्रोसँग जाऊ लेज्बा र भरे बेलैमा फर्किनु है" (पृ.८२) भन्छे । ज्वालाले पनि ठट्टाको भावमा भन्दछे, "हस् लेज्बी, तिम्रो आज्ञा शिरोधार्य छ !" (पृ.८२) । यसरी उनीहरूले छुट्टिने बेलामा विषमलिङ्गी श्रीमान्-श्रीमती वा प्रेमी-प्रेमिकाले जस्तै आत्मीय भाव देखाएका छन् ।

अन्य सन्दर्भमा पनि उनीहरूले एकआपसमा आत्मीय भाव देखाएको पाइन्छ । ज्वाला बलात्कृत भएपछि उपचार गराएर घरमा आएकी हुन्छे । ज्वाला चिया बनाउन सक्दिन तर पनि चिया बनाएर रूपालाई सहयोग गर्ने चाहना तीव्र छ । तल दिइएको भनाइबाट यस कुराको पुष्टि हुन्छ ।

- होइन लेज्बी, तिमी एकछिन सुतिराख, म चिया बनाएर ल्याउँछु ।
- हुन्न लेज्बा, डाक्टरले तिमीलाई पूरै आराम गर्न भनेको छ, म नै चिया बनाएर ल्याउँछु ।
- तर आज त मैले चिया बनाउने पालो हो ।
- प्रेममा लेज्बा, पालो होइन समर्पण हुन्छ । हानथाप होइन, जसले सक्छ उसले गर्ने हो । अहिले तिमी सक्तिनौ, आराम गर । (पृ.११६)

यतिमात्र होइन, ज्वाला पूर्ण रूपमा तन्दुरुस्त नहुँदासम्म रूपाले छिनभर नछोडेर सेवा गरिरहेकी छ । ज्वालाको खानपान, नुहाइधुवाइ, औषधीपानी आदि सबै कुरामा रूपाले गरेको सेवा आमाले छोराछोरीलाई गरेको भन्दा कम छैन । यसबाट दुवैका बिच अगाध मायाममता रहेको कुरा पुष्टि हुन्छ । उनीहरूबिच शारीरिकभन्दा पनि आत्मिक सम्बन्ध गाढा रहेको देखिन्छ ।

निष्कर्ष

*सलिजो*ले नारीसमलिङ्गीका विविधखाले समस्याको उजागर गरेका कारण विवेचना पनि नारीसमलिङ्गी समालोचनाका आधारमा गर्नु उचित देखिएको छ । यस दृष्टिकोणबाट उपन्यासको अध्ययन गर्दा यसमा समलिङ्गीद्वारा विषमलिङ्गी संस्कृतिप्रति असहमति जनाइएको, समलिङ्गीद्वारा समलिङ्गीप्रति सद्भाव राखिएको एवम् सहयोग गरिएको, केही हदसम्म विषमलिङ्गीद्वारा समलिङ्गीप्रति सहयोग गरिएको, समलिङ्गीप्रति परिवार र समाजले दुर्व्यवहार गरेको, नारीसमलिङ्गीद्वारा समलिङ्गीका पक्षमा वकालत गरिएको र समलिङ्गीबिचको जैविक प्रेम र आत्मिक सम्बन्ध गाढा रहेको पाइएको छ । यस उपन्यासले परम्परागत चिन्तनबाट ग्रसित समाजले नारीसमलिङ्गीलाई कसरी किनारामा पारेको छ भन्ने समस्या देखानउनाका साथै सो समस्याबाट मुक्तिका लागि विद्रोह आवश्यक भएको कुरा जनाएको छ । यसले विषमलिङ्गीहरू र पुरुषसत्ताले निर्माण गरेको समाजचिन्तनबाट समलिङ्गीहरू माथि उठ्नुपर्ने सन्देश दिएको छ । स्वयं नारीसमलिङ्गीहरू समाजमा खुल्न नसकिरहेका अवस्थामा तिनका यावत् समस्या उजागर गर्नाका साथै विद्रोहको बाटो पनि देखाएका कारण नेपाली उपन्यासका क्षेत्रमा *सलिजो*ले नौलो आयाम थपेको छ ।

सन्दर्भसूची

गौतम, कृष्ण (२०६७). *उत्तरआधुनिक संवाद.* भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

भट्टराई, गोविन्दराज (२०६६). "नयाँ साहसिक पथमा प्राप्तिका फूलभन्दा जोखिमका काँढा धेरै छन्, सलिजोको पक्षमा बोल्नु सजिलो थिएन", ओरिएन्टल पब्लिकेसन ।

राष्ट्रिय मानव अधिकार आयोग नेपाल (२०७७). यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको मानव अधिकार अवस्थासम्बन्धी अध्ययन प्रतिवेदन. राष्ट्रिय मानव अधिकार आयोग ।

लामा, कुमारी (२०७९). *समकालीन नेपाली कथामा तेस्रो लिङ्गी चेतना.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०६६). *सलिजो.* ओरिएन्टल पब्लिकेसन ।

Arthur, Mikaila Mariel Lemonik (2016). "LGBTQ Studies Programs". The SAGE Encyclopedia of LGBTQ Studies, edited by Abbie E. Goldberg, SAGE, 720-722.

Hines, S. (2010). "Recognizing diversity? The gender recognition act and transgender

citizenship". In S. Hines & T. Sanger (Eds.). *Transgender Identities*, 87-105. Routledge.
Hines, S., & Sanger, T. (Eds.) (2010). *Transgender Identities*. Routledge.
Nair, P. K. (2008). *Postcolonial Literature on Introduction.* Personal Longman.
Rooke, A. (2010). "Telling Trans Stories: (Un)doing the Science of Sex". In S. Hines & T. Sanger (Eds.). *Transgender Identities*, 64-85. Routledge.
Tyson, L. (2008). *Critical theory today*. Rooselet.
Westbrook, L. (2010). "Becoming knowingly gendered". In S. Hines & T. Sanger (Eds.). *Transgender Identities*, 43-63. Routledge.